# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्या:-* ४२८ | *मिति :-* २०६३/१२/११

इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय :- **नेपाल सरकारको नाममा प्राप्त हुने परिवर्त्य विदेशी मुद्रा विप्रेषण ।**

महाशय,

विदेशबाट नेपाल सरकारको नाममा प्राप्त हुने परिवर्त्य विदेशी मुद्राको विप्रेषण सम्बन्धमा देहाय वमोजिम हुने गरी व्यवस्था गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. नेपाल सरकार एवं अन्य कुनै निकायको यस बैंकमा रहेको खातामा जम्मा हुने गरी र नेपाली रुपैयाँ उल्लेख गरी विदेशबाट रेमिटेन्स प्राप्त हुन आएमा त्यस्तो रेमिटेन्स स्वीकार गर्न नमिल्ने ।

२. माथि दफा १ मा उल्लेख भए अनुसारको कुनै रेमिटेन्स परिवर्त्य विदेशी मुद्रामा आएको छ भने स्वीकार गर्न मिल्ने तर यस बैंकमा रकमान्तर गर्दा प्राप्त भएको परिवर्त्य विदेशी मुद्रामा नै सो रकम रकमान्तर गर्नुपर्ने छ ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक